यस व्यास नगरकार्यपालिकाको १८० औं बैठक आज मिति २०८०/१०/०८ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| वडा सदस्य वडा नं. ८ | - श्री रामप्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८०/०९/२३ को निर्णयहरुको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: म्याराथन दौड तयारी सम्बन्धमा ।

प्रस्ताव नं.३: व्यास नगरपालिका शिक्षा नियमावलीमा संशोधन प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.४: व्यास नगरपालिका सञ्चार क्षेत्र सहयोग कार्यविधि संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.५: लागत सहभागीताका योजनाहरु माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६: फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.७: ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८: ठेक्का स्वीकृत अनुमति सम्बन्धमा ।

प्ररुताव नं.९: सुरक्षित गर्भपतन सेवा निर्देशिका २०७८ बमोजिम स्वास्थ्य संस्था तथा तालिम प्राप्त स्वास्थ्यकर्मी सुचिकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: निजी स्वास्थ्य संस्था दर्ता तथा नवीकरण अनुमती सम्बन्धमा ।

प्रस्ताव नं.११: तरकारी बाली प्रवर्द्धन कार्यक्रम प्राप्त आवेदन छनौट सम्बन्धमा ।

प्रस्ताव नं.१२: जग्गा वर्गीकरणको पुनरावलोकन सम्बन्धमा ।

प्रस्ताव नं.१३: विद्यालयमा विषय परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.१४: सामाजिक सुरक्षा कोष काठमाण्डौंसँगको सम्झौता अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.१५: स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन प्रतिवेदनको प्रारम्भिक नतिजा सम्बन्धमा ।

प्रस्ताव नं.१६: पृथ्वी राजमार्ग अन्तर्गत दमौली क्षेत्रका घरधनीलाई अनुरोध सम्बन्धमा ।

प्रस्ताव नं.१७: मादी नदी तटबन्धन सम्बन्धमा ।

प्रस्ताव नं.१८: नदीजन्य निर्माण सामग्री उत्खनन् मेशिन प्रयोग गर्न दिने सम्बन्धमा ।

प्रस्ताव नं.१९: विद्यालय प्रधानाध्यापकको निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं.२०: व्यास १ करङकाठमा रहेको भवनमा ट्राफिक प्रहरीलाई व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२१: क्यामिन मा.वि.मा स्वयंसेवक शिक्षक नियुक्ति अनुमती दिने सम्बन्धमा ।

प्रस्ताव नं.२२: शहिद दिवसका दिन सार्वजनिक बिदा दिने सम्बन्धमा ।

प्रस्ताव नं.२३: महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२४ सिद्धेश्वरी मा.वि.को लागत सहभागिता प्रतिवद्धता सम्बन्धमा ।

प्रस्ताव नं.२५ मानुङकोट सरसफाई सम्बन्धमा ।

प्रस्ताव नं.२६ व्यास नगरपालिका वडा नं.१४ को कार्यालय सहायक सम्बन्धमा ।

प्रस्ताव नं.२७ मृतक कर्मचारी र सेवा छाडेका करार कर्मचारीलाई सुविधा दिने सम्बन्धमा ।

प्रस्ताव नं.२८: सडक व्यवसायीको व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.२९: जिल्ला समन्वय समितिसँग सटर भाडामा लिने सम्बन्धमा ।

प्रस्ताव नं.३०: पहुँच मार्ग अन्तर्गत मर्मत संहार सम्बन्धमा ।

प्रस्ताव नं.३१ : सेवा करारमा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.३२: सामी कार्यक्रम कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.३३: वडा कार्यालय भवनको बहुवर्षे टेण्डर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३४: सेवाग्राही कर्जा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.३५: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.३६: विपद्जन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०८०/९/२३ मा भएको कार्यपालिकाको बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले आयोजना गर्दै आएको (व्यास ५) मानुङकोटदेखि (व्यास ८) पुलिमराङ शहिद पार्कसम्मको ४४ कि.मी. दुरीको खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता माघ १६ गते गर्ने निर्णय गरी प्रतियोगीता आयोजनाका लागि नगर प्रमुखको संयोजकत्वमा मुल समारोह समिति, उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति र अन्य समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

**(क) मुल समारोह समितिः**

(१) संयोजक –नगर प्रमुख
(२) सदस्य –नगर उपप्रमुख
(३) सदस्य –प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्य –सबै वडा अध्यक्ष, सबै कार्यपालिका सदस्य, सबै नगर सदस्य
(५) सदस्य –सबै शाखा उपशाखा प्रमुख
(६) सदस्य-सचिव –उद्योग, पर्यटन, श्रम तथा रोजगार शाखा प्रमुख

**(ख) अनुगमन समितिः**

(१) संयोजक –श्री इन्दिरा दरै, उपप्रमुख
(२) सदस्य –श्री गंगालाल सुवेदी, प्रमुख प्रशासकीय अधिकृत
(३) सदस्य –श्री सुरेश थापा, अध्यक्ष - खेलकुद समिति संयोजक
(४) सदस्य –श्री जिवन गुरुङ्ग, अध्यक्ष - प्रवक्ता
(५) सदस्य –श्री विष्णुकुमार श्रेष्ठ, अध्यक्ष वडा नं. ५
(६) सदस्य –श्री युवराज गुरुङ्ग, अध्यक्ष वडा नं. ८
(७) सदस्य-सचिव –श्री कुमार कञ्चन जि.सी. बरिष्ठ आ.ले.प.

**(ग) व्यवस्थापन समितिः**

(१) संयोजक –खेलकुद समिति अध्यक्ष
(२) सदस्य –खेलकुद समिति सदस्य
(३) सदस्य-सचिव –शिक्षा तथा सामाजिक शाखा प्रमुख

**(घ) प्रचार-प्रसार समितिः**

(१) संयोजक –सूचना शाखा प्रमुख
(२) सदस्य –योजना उपशाखा प्रमुख
(३) सदस्य-सचिव –पञ्जीकरण उपशाखा प्रमुख

**(ङ) यातायात व्यवस्थापनः**

(१) संयोजक –श्री रामचन्द्र हडखले, प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख
(२) सदस्य –श्री यामप्रसाद पौडेल, सर्भेक्षक, घर नक्शापास शाखा

**(च) स्थानीय सहजीकरण समिति (मानुङ्कोट, पुलिमऱ्याङ्ग)**

(१) संयोजक –सम्बन्धित वडा अध्यक्ष (वडा नं. ५ र ८)
(२) सदस्य –सम्बन्धित वडाका सदस्यहरु (वडा नं. ५ र ८)
(३) सदस्य –सम्बन्धित वडा प्राविधिक (वडा नं. ५ र ८)
(४) सदस्य-सचिव –सम्बन्धित वडा सचिव (वडा नं. ५ र ८)

**(छ) धावन मार्ग व्यवस्थापन (रुट व्यवस्थापन):**

(१ संयोजक -पशु विकास अधिकृत डा. मनोज विश्वकर्मा

(२) सदस्य -इन्जिनियर रोचक क्षेत्री
(३) सदस्य -सम्बन्धित वडा प्राविधिक (वडा नं. ५, ३, २, ४, १०, ७ र ८)
(४) सदस्य -नगर प्रहरी श्री आशिक परियार

**(ज) मञ्च व्यवस्थापन:**
(१) संयोजक -अमृत के.सी., घर नक्सा शाखा प्रमुख
(२) सदस्य -सम्बन्धित वडाका प्राविधिक
(३) सदस्य -प्र.स.नि. श्री रुद्रबहादुर दरै

**(झ) पुरस्कार प्रमाण पत्र व्यवस्थापन:**
(१) संयोजक –श्री हेमन्त गुरुङ्ग लेखा अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख
(२) सदस्य –श्री बिष्णु खड्का क्षेत्री
(३) सदस्य –श्री चेतबहादुर दरै

**(ञ) स्वागत तथा अतिथी सत्कार:**
(१) संयोजक – श्री कृष्णराज घिमिरे, प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख
(२) सदस्य – श्री कृष्णप्रसाद पौडेल, अधिकृत छैठौं, जिन्सी उपशाखा प्रमुख
(३) सदस्य – श्री राधा आचार्य, महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख

**(ट) स्वास्थ्य व्यवस्थापन :**
(१) संयोजक – श्री प्रमोद सोती, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा प्रमुख
(२) सदस्य – श्री कल्पना दाहाल कोइराला, अधिकृत सातौं, स्वास्थ्य शाखा

- म्याराथन व्यवस्थापनका लागि रू.१०,००,०००/- (दश लाख) बजेट शीर्षक नं.१३१ बाट विनियोजन गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा नियमावली, २०७५ लाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| क.सं. | साविकमा भएको | संशोधन गर्नेपर्ने |
|---|---|---|
| १. | **२६. सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था :**<br>(३) अभिभावकको अभिलेख राख्ने : १. विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै कानून बमोजिमका संरक्षकको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ ।<br>२. उपनियम (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले कानून बमोजिम संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित शाखाबाट प्रमाणित गराएको हुनु पर्नेछ । | २६ (३) अभिभावक अभिलेख राख्ने : विद्यालयमा निरन्तर अध्ययन गरेको विद्यार्थीको अभिभावक मात्र विद्यालय व्यवस्थापन समितिमा पदाधिकारी सदस्य रहन सक्नेछ । विद्यार्थी नियमित नभएमा त्यस्तो विद्यार्थीको अभिभावक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अभिभावकको हैसियतले प्रतिनिधित्व गर्ने सदस्य कायम रहन सक्नेछैन । एस.ई.ई. वा कक्षा १२ को परीक्षामा उत्तीर्ण भई जाने अभिभावकले बढीमा १ बर्षसम्म मात्र व्यवस्थापन समिति प्रतिनिधित्व गर्न सक्नेछ । |
| २. | **२८ व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ । | **व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :**<br>(१) व्यवस्थापन समितिको बैठक सामान्यत: बर्षको ६ पटक बस्नेछ ।<br>(९) व्यवस्थापन समितिको बैठकमा शिक्षक |

| | | |
|---|---|---|
| | | अभिभावक संघका अध्यक्षलाई पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सक्नेछ ।<br>(१०) विद्यालयका बालविकासका एक छात्र र एक छात्रा विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नुपर्नेछ । |
| ३. | **२९ व्यवस्थापन समितिको अध्यक्ष हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :<br>(क) गैर नेपाली नागरिक,<br>(ख) पच्चीस बर्ष उमेर पुरा नभएको,<br>(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,<br>(ङ) माध्यमिक विद्यालयको अध्यक्षको हकमा न्यूनतम एस.एल.सी. वा सो सरह उत्तीर्ण नभएको,<br>(च) आधारभुत विद्यालयको हकमा कक्षा ८ उत्तीर्ण नभएको,<br>(छ) विद्यालयमा पढ्ने नियमित विद्यार्थीको नियम २६ (३) बमोजिमको अभिभावक नभएको<br>नोट : माथि नियम २९ (ङ) र (च) बमोजिमको शैक्षिक योग्इता भएको अभिभावक नभएको खण्डमा अन्य अभिभावक मध्येबाट व्यवस्थापन समितिको छनौट गर्न सकिनेछ । | **२९. व्यवस्थापन समितिको अध्यक्ष हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :<br>क) गैर नेपाली नागरिक,<br>(ख) पच्चीस बर्ष उमेर पुरा नभएको,<br>(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,<br>(छ) विद्यायमा पढ्ने नियमित विद्यार्थीको नियम २६ (३) बमोजिमको अभिभावक नभएको<br>(ज) व्यास नगरपालिकाको सबै तहका जनप्रतिनिधिहरु,<br>नोट : विद्यालय व्यवस्थापन समितिका सदस्य एवं पदाधिकारीले जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी सात दिनभित्र अभिभावक मध्येबाट एक जनालाई सर्वसम्मत अध्यक्ष छनौट गरी अनुमोदनका लागि नगरपालिकामा पठाउनु पर्नेछ । सर्वसम्मत हुन नसकेमा नेपाली वर्णानुक्रम अनुसार अभिभावक सदस्यहरु मध्येबाट बढीमा तीन जनाको नाम नगरपालिकामा अध्यक्ष समझ छनौटका लागि सिफारिस गरी पठाउनु पर्नेछ । नगरपालिकाले छनौट गरेको सदस्य अध्यक्ष हुनेछ । |
| ४ | दफा ५०(२) निर्णय बमोजिम तीन वर्षका लागि.. | निर्णय बमोजिम पांच वर्षका लागि । |
| ५ | दफा ५०(३) तिन वर्षे कार्य सम्पादन करार संझौता गर्नु पर्नेछ । | तिन वर्षे कार्य सम्पादन मूल्याङ्कन हुने गरी पांच वर्षे करार संझौता गर्नु पर्नेछ । |
| ६ | सामुदायिक विद्यालयको प्रधान अध्यापक बिदामा बसेमा वा कुनै कारणले प्रधान अध्यापकको पद रिक्त भएमा प्रधान अध्यापक उपस्थित नभएसम्म वा प्रधान अध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत सहायक प्रधान अध्यापक र सहायक प्रधान अध्यापक पनि नभएमा वरिष्ठ शिक्षकलाई निमित्त प्रधान अध्यापक भई काम गर्नेछ । | सामुदायिक विद्यालयको प्रधान अध्यापक बिदामा बसेमा वा कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्म साविक प्र.अ. वा सहायक प्रधान अध्यापक वा वरिष्ठ शिक्षकलाई कार्यवाहक वा निमित्त प्रधान अध्यापक तोक्ने अधिकार व्यवस्थापन समितिलाई हुनेछ । |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लोक कल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८० मा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| हालको व्यवस्था | संशोधन गर्ने |
|---|---|
| दफा ७ (२) घः अनलाइन सञ्चार माध्यामतर्फ तीस हजार रुपैयाँ । | अनलाइन सञ्चार माध्यमतर्फ पैंतालीस हजार रुपैयाँ । |
| अनुसूची ३ (घ)-गृह पृष्ठको लागि रु.६००।<br>-भित्र पृष्ठको लागि रु.४००। | -गृह पृष्ठको लागि रु.१,०००।<br>-भित्र पृष्ठको लागि रु.७३०। |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नगर सभाबाट विनियोजित बजेट शीर्षक नं.८५४ र ८५५ को लागत सहभागिता योजनाको नगरपालिकाको रू.८८,००,०००। (अठासी लाख र जनसहभागीता रू.३०,००,०००। (तीस लाख) को शहरी वडामा (१-४) न्यूनतम २०%, अर्ध-शहरी वडामा (५ र १०) न्यूनतम १५% र ग्रामीण वडा (६-९, ११-१४) मा न्यूनतम १०% लागत सहभागिता रहने गरी रु.१० लाखका ५ वटा र रु.५ लाखका १० वटा समेत १५ योजनाहरुको लागत सहभागीतामा सहभागी हुन चाहने टोल विकास संस्थालाई सम्बन्धित वडाबाट ल.ई. गराई वडा समिति मार्फत निवेदन दिन १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको फोहोर मैला व्यवस्थापनको स्थायी समाधानका लागि जग्गा व्यवस्थापन समितिको प्रतिवेदनका आधारमा विभिन्न सार्वजनिक तथा व्यक्तिगत जग्गाहरु मध्ये वातावरणीय सन्तुलन नबिग्रने गरी स्थानीयवासीको सहमती समेतमा व्यवस्थापन गर्न भैरहेको प्रयासलाई धन्यवाद ज्ञापन गर्दै माघ मसान्तभित्र अन्तिम प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो । साथै घर-घरबाट कुहिने, नकुहिने, पुनः प्रयोगमा आउने फोहोर छुट्याउनका लागि अन्य पालिकाहरुमा कार्यरत जनशक्तिको खरिद प्रकृयाबाट परामर्श सेवा लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा संघीय सरकारबाट झोलुङ्गे पुल निर्माण सम्बन्धी बजेट विनियोजन भएकोमा व्यास नगरपालिकाबाट सञ्चालित झोलुङ्गे पुल निर्माण तथा मर्मत कार्यक्रमका लागि समुदायमा प्राविधिक तथा संगठनात्मक सहयोगको लागि स्थानीय गै.स.स/ सामुदायिक संस्थाहरुको लागि प्रस्ताव आब्हान गरिएकोमा दर्ता भएका प्रस्तावहरु मध्ये मुल्यांकन समितिको सिफारिसमा श्री गैरसरकारी समन्वय समिति, व्यास २ दमौली तनहुंको प्रस्ताव स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अर्न्तगत शहरी शासकीय तथा पुर्वाधार विकास आयोजना ( NUGIP) मार्फत यस नगरपालिकामा कार्य गर्न छनौट भएको परामर्शदाता संस्था श्री (BOTEK-GOEC JV) का तर्फबाट यस नगरपालिकामा काम गर्नका लागि तोकिएका supervision and quality control पदका इन्जिनियर श्री खेमराज अधिकारीले विविध कारण देखाई राजिनामा दिनु भएको भनी निजको सट्टा अर्का supervision and quality control इन्जिनियर श्री विष्णु पाठकलाई परामर्शदाता संस्थाको तर्फबाट प्रस्ताव गरेकोमा निजको बायोडाटा मुल्यांकन समितिबाट मूल्यांकन गर्दा संस्थाको समग्र मूल्यांकनमा फरक नपर्ने देखिन आएकोले इन्जिनियर श्री विष्णु पाठकलाइ supervision and quality control पदमा नियुक्तिको लागि स्वीकृत दिन मनासिब देखिएको भनी मूल्यांकन समितिबाट सिफारिस भै आएको हुंदा मूल्यांकन समितिको सिफारिस बमोजिम स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा सुरक्षित गर्भपतन सेवा निर्देशिका बमोजिमका मापदण्डहरु (सूचीकृत स्वास्थ्यकर्मी भएका) स्वास्थ्य संस्थाहरु श्याम्घा स्वास्थ्य चौकी व्यास ६, घाँसीकुवा

स्वास्थ्य चौकी व्यास १२ र दाहाल स्वास्थ्य क्लिनिक व्यास ३ लाई यस सेवाका लागि सुचिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नयाँ दर्ता संस्थाको हकमा १ (एक) वर्ष र नवीकरणको हकमा म्याद सकिएको मितिले १ (एक) बर्षको लागि दर्ता/नवीकरण गर्ने निर्णय गरियो ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | प्रकार | कैफियत |
|---|---|---|---|
| १. | ए वान स्माइल डेण्टल क्लिनिक | दन्त क्लिनिक | नवीकरण |
| २. | दहाल स्वास्थ्य क्लिनिक प्रा.लि. | स्वास्थ्य क्लिनिक | नवीकरण |
| ३. | विकास प्याथोलोजी | प्याथोलोजी | नवीकरण |
| ४. | दमौली सि.टी.स्क्यान एण्ड डाईग्नोष्टिक सेण्टर प्रा.लि. | डाईग्नोष्टिक सेन्टर | नयाँ दर्ता |
| ५. | समाधान अस्पताल प्रा.लि. | अस्पताल | नवीकरण |
| ६. | मिर्लुङ पोलिक्लिनिक प्रा.लि. | पोलिक्लिनिक | नवीकरण |

**निर्णय नं.११ :** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/१०/४ गतेको कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम तरकारी बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०" का अधिनमा रही प्राप्त आवेदनहरु माथि एवं कृषि विकास उपशाखा कर्मचारी मार्फत स्थलगत अनुगमनको आधारमा मापदण्ड पुगेका तपसिलको कृषक/फर्म/सहकारी/समूह छनौट गरी प्रति रोपनी रू.३,०००। का दरले प्रोत्साहन अनुदान दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**तरकारी बाली प्रवर्द्धन कार्यक्रम : छनौट भएका कृषक/फर्म/सहकारी/समूहहरुको ववरण**

| क्र. स. | कृषक/फर्म/सहकारी/ समूह | ठेगाना व्यास, वडा नं | सम्पर्क व्यक्ति सम्पर्क नं | प्रस्ताव क्षेत्रफल (रोपनी) | अन्य थप कार्यक्रम | अनुगमनमा पाइएको क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|---|
| १. | मलीजुली बहुउद्देश्यीय कृषक समूह | १२ जौवारी | कुल बहादुर थापा ९८२६१८७२५१ ९८६०२२६२९४ | १९ | | १८ |
| २ | वष्णु कृ ष तथा पशु फर्म | ५, संगम टोल | ममता थापा ९८४६०६७२६६ | ३ | | ३ |
| ३ | सुर ब.थापा | ५, पतेनीटार | ९८५६०४०४४७ | ४ | पाइप | ४ |
| ४ | म लजुली कृ ष तथा पशु फर्म | १२, छिर्कन | सुन्दरी व.क. ९८२६१९८९१० | ८ | | ३ |
| ५ | लम्साल कृ ष तथा पशु फर्म | ८, बर्लाची | बाबुराम लम्साल ९८४६४८९०९२ | ३ | | ३ |
| ६ | इश्वरी अर्गानिक कृ ष तथा पशु फर्म | ११, रातामाटा | मान बहादुर कोइराला ९८१७९९०९७४ | १० | | ७ |
| ७ | पाटा राना कृ ष फर्म | १२, कमलबारी | हुम बहादुर पाटाराना ९८१८२१५५३७ | ९ | ड्रम, पाइप | ९ |
| ८ | उदयराज काफ्ले | ५, पतेनीटार | ९८४६२४२०७४ | ३ | | ३ |
| ९ | पौडेल कृ ष फर्म | ११, तल्लो पोल्याङ | जानुका पौडेल ९८४६४९९२९२ | ४ | | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | न्यौपाने कृ ष तथा पशु फर्म | १२, छिर्कन | दुर्गा बहादुर न्यौपाने ९८४६४८८१३१ | ५ थप- ५ | | ५ |
| ११ | लक्ष्मी कृ ष तथा पशुपालन फर्म | ५, रानीटारी | लक्ष्मी ह्मल (ठकुरी) ९८४६३३०२१३ | ३ | | ३ |
| १२ | अ धकारी कृ ष फर्म | ११, निर्बु | शुकदेव अ धकारी ९८४६७८७२२२ | ७ | | ६ |
| १३ | प्रज्वल कृ ष फर्म | १०, डहिगाउँ | कुशादेवी अ धकारी ९८१४१६४७४५ | ४ | | ४ |
| १४ | लक्ष्मी कृ ष तथा पशु फर्म | १०, डहिगाउँ | ९८४६६८०२२५ | ४ | | ४ |
| १५ | चापाघाट कृ ष फर्म | ५, कन्टार | ९८६६००१५५२ | ७ | पाइप | ६ |
| १६ | बेनिकोट कृ ष तथा पशुपक्षीं फर्म | १३, बेनिकोट | ९८२३०८३६७२ | ३५ | | २२ |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित जग्गाको यस अवधिको वर्गीकरणलाई पुनरावलोकन गरी निम्नानुसार वर्गीकरण गर्ने निर्णय गरियो ।

१. वडा नं.१० बस्ने गोपाल बहादुर गुरुङको नाउमा रहेको वडा नं.१० साविक फराकचौर ७/ट, ७/ग कि.न ११, १२, १३ र ३७८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
२. वडा नं.१० बस्ने वाले कुमालको नाउमा रहेको वडा नं.१० साविक फराकचौर ७/क, कि.न १२८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
३. वडा नं.८ गम्वीर दास नेपालको नाउमा रहेको वडा नं.८ साविक रुपाकोट ८/ख कि.नं.१५५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाई गैह्र कृषि बनाउनु पर्ने ।
४. वडा नं.८ घननाथ अधिकारीको नाउमा रहेको वडा नं.८ साविक मिर्लुङ २/ख कि.नं.९७ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
५. वडा नं.८ ध्वोज बहादुर राना मगरको नाउमा रहेको वडा नं.८ साविक क्यामिन ६/क, ६/ख, ६/ग कि.न २३३, १३५, १३९, १४३, १३१, ३९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
६. वडा नं.८ ओजराज पौडेलको नाउमा रहेको वडा नं.८ साविक मिर्लुङ १/ख, २/ख कि.नं.२४१, ३०८, ४६३, २९८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
७. वडा नं.८ श्री नेत्रराज सुवेदी को नाउमा रहेको वडा नं.८ साविक दलभञ्याङ्ग /४ कि.नं.३४९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
८. वडा नं.८ श्री नारायण सुवेदी को नाउमा रहेको वडा नं.८ साविक दलभञ्याङ्ग /४ कि.न ३४८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
९. वडा नं.८ श्री शिव सोती को नाउमा रहेको वडा नं.८ साविक दलभञ्याङ्ग /४ कि.नं.३३३, ३३१, ३३५, ३३७, ३३९, ४० मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
१०. वडा नं.८ श्री विश्वनाथ अधिकारी को नाउमा रहेको वडा नं.८ साविक मिर्लुङ २/ख कि.नं.९८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
११. वडा नं.११ साविक फराकचौर ५/ख, कि.नं.९४५, ९४६, ९४९, ९४८ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोमा हाल उक्त जग्गालाईइ कृषि बनाउनु पर्ने ।
१२. वडा नं.१२ बस्ने अमृत बहादुर खत्री र शम्सेर बहादुर खत्री समेतको नाउमा रहेको वडा नं.१२ साविक मैवल ३/क कित्ता नं.१६८, ३२, ४, १९ र साविक मैवल ३/च कित्ता नं.१५२ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।
१३. वडा नं.१३ बस्ने इमान बहादुर तमाङ्गको श्रीमती सो माया तामाङ्गको नाउँमा रहेको साविक केशवटार वडा नं.७/त कि.नं. १२३ र १४५ मा भएका जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

१४. वडा नं.१३ बस्ने इमान बहादुरको छोरा सोम बहादुर तामाङ्गको नाउँमा रहेको साविक केशवटार वडा नं. ७/त कि.नं.७७ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

१५. वडा नं. १३ बस्ने खड्क बहादुरको छोरा बल बहादुर तामाङ्गको नाउँमा रहेको साविक केशवटार वडा नं.७/त कि.नं.१४७ र १४८ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

१६. वडा नं.१३ बस्ने लाल बहादुरको छोरा सुर्य बहादुर तामाङ्गको नाउँमा रहेको साविक केशवटार वडा नं.७/त कि.नं.१३७, १५२ र १४९ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

१७. वडा नं.१३ बस्ने लाल बहादुरको छोरा सुक बहादुर तामाङ्गको नाउँमा रहेको साविक केशवटार वडा नं.७/त कि.नं.१०७ र १६४ मा भएको जग्गा गैह्र कृषि बनाउनु पर्ने ।

**व्यास १२:**

| क.स | नक्सा सिट | कृषि प्रयोजन | गैह्र कृषि प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्लुङ ८/क | | ४३०,३०८,४३१ | |
| २. | कर्लुङ ८/ख | | ५३५ | |
| ३. | कर्लुङ ५/ढ | | ३२,३० | |
| ४. | कर्लुङ ४/ख | | ७७ | |
| ५. | कर्लुङ ३/क | ६०,१००,१०१ | | |
| ६. | कर्लुङ ४/क | ४२,४३ | | |
| ७. | कर्लुङ ७/ग | | ८३ | |
| ८ | कर्लुङ २/घ | २०२ | | गैर कृषिबाट कृषिमा राख्ने |

**व्यास ५:**

| क.स | नाम, थर | कि.नं | नक्सा नं. | कैफियत |
|---|---|---|---|---|
| १. | | सबै कित्ताहरु | जामुने ९/ढ | |
| २. | सुनिता श्रेष्ठ | ९७३ | गुणादी ४/ख | |
| ३. | लक्ष्मी खनाल ढुंङ्गाना | २७ | गुणादी २/ख | |
| ४. | | १७३, १७५, ४३५, ४४३, ४४७, ६६, ४८१, ४०१, ४५२, ४४८, १७४, ७७४, ७७६, ७७८, ३५५, ३६२, ५१३, ५३३, ७८० र ४०८ | जामुने ९ ण | |
| ५. | | ७४९ र १३६६ | श्याम्घा ९/क | |
| ६. | | ६७२, ३४२, २०५ | श्याम्घा ९/ग | |
| ७. | | ८४ | जामुने ९/ठ | |
| ८ | सम्झना अधिकारी | ३४, ५० | गुणादी ६/ग | |
| | | २७ | गुणादी ६/घ | |
| | | ६५३, ६५५ र ६५६ | श्याम्घा ९/ण | |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ को उदय मा.वि. र वडा नं.९ को बसाहस्थान मा.वि. मा रिक्त रहेका दरबन्दीमा निम्नानुसार हुने गरी विषय परिवर्तन गर्ने निर्णय गरियो ।

(क) श्री उदय माध्यमिक विद्यालयको च.नं. १७४ मिति २०८० माघ १० गतेको पत्रानुसार ऐ. माघ ७ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयानुसार नि.मा.वि. तृतीय श्रेणीमा कार्यरत शिक्षक शुशिल खनालले स्वेच्छिक राजिनामा दिए पश्चात रिक्त रहेको अंग्रेजी विषयको दरबन्दीलाई विद्यालयमा मौजुदा शिक्षक दरबन्दी अनुसार नि.मा.वि. तहमा अंग्रेजी विषयको दरबन्दी १ कायमै रहेको तर विज्ञान विषयको दरबन्दीमा परिवर्तन गर्ने निर्णय गरियो ।

(ख) श्री बसाहास्थान माध्यमिक विद्यालय व्यास ९ मा रिक्त रहेको निम्न माध्यमिक तहको नेपाली विषयको दरबन्दीलाई २०८० पुस ११ गतेको नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार लक्ष्मी आधारभुत विद्यालय व्यास ९ मा कायम गरिएकोमा लक्ष्मी आधारभुत विद्यालय व्यास ९ को च.नं.१६४ मिति २०८० माघ १९ को पत्रानुसार निम्न माध्यमिक तहमा अंग्रेजी विषयको दरबन्दी आवश्यकता भएकोले रिक्त नेपाली विषयको दरबन्दीलाई अंग्रेजी विषयको दरबन्दीमा परिवर्तनका लागि पेश भएको निवेदन अनुसार रिक्त नेपाली विषयको दरबन्दीमा अंग्रेजी विषयको दरबन्दीमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा सामाजिक सुरक्षा कोष काठमाण्डौंसँग अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ अन्तर्गत श्रमिक र स्वरोजगार व्यक्तिहरुलाई कोषमा आवद्ध गर्ने, निजहरुको योगदान रकम संकलन गर्न नगरपालिकाको तर्फबाट सहयोग प्रदान गर्ने गरी तनहुँका अन्य पालिकाहरु सरह व्यास नगरपालिका समेतले मिति २०८०/१०/६ गते उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०७९/०८० को प्रारम्भिक स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन (LISA) बाट ८६.५ अंक प्राप्त भएको सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा हाल विस्तार भईरहेको पृथ्वी राजमार्गको व्यास नगरपालिका वडा नं.२, ३ र ४ अन्तर्गत पर्ने दमौली बजार क्षेत्रका केही घरहरु हटाउनुपर्ने भई सूचना प्रकाशित भई केही घरधनीले प्रथम चरणको मुआब्जा लिईसक्नु भएको तर भत्काउन बाँकी रहेको, केही घरधनीले मुआब्जा नलिनु भएको विषयमा पूर्वी खण्डका आयोजना प्रमुखसँग आज बैठकमा छलफल भई जानकारी प्राप्त हुन आएकोले पृथ्वी राजमार्ग विस्तार अभियानमा सहयोग पुर्‍याईदिनु हुन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा हाल प्रदेश सरकारको योजना अन्तर्गत सिँचाई कार्यालय दमौली मातहत सञ्चालन भईरहेको मादिनदी तटबन्धन वडा नं.५ तर्फ भतेरी जग्गामा काम सञ्चालन भईरहेकोमा नेपाली सेनाको नाउँमा (कालिभञ्जन गण चापाघाट) रहेको जग्गा नदी तर्फ पर्ने गरी गतबर्ष ल.ई. भएकोमा हाल नेपाली सेनाको तर्फबाट उक्त तटबन्धन नलगाउन अनुरोध भई आएकोले नगर प्रमुख, सम्बन्धित वडा अध्यक्ष, सिँचाई कार्यालय प्रतिनिधि, नेपाली सेनाको प्रतिनिधि, निर्माण व्यवसायीको उपस्थितिमा हाल उक्त तटबन्धन स्थगन गरी सोही बरावरको काम अन्यत्र गर्ने सहमती भए अनुसार १०० मिटर गौसंरक्षण केन्द्रको भईरहेको तटबन्धमा थप गर्ने, बाँकी व्यास ४ र १० को सिमानामा हाल मादिनदी पुलको कसर उद्योग भएको स्थानमा लगाउनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग आयोजना निर्देशनालय (ए.डि.वी.) सासेक मुग्लिन पोखरा राजमार्ग सुधार योजना मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) बाट यस पालिकामा पत्राचार गरी मादिनदीमा उत्खनन् कार्यमा मेशिन प्रयोग गर्ने अनुमती माग भएकाले जिल्ला अनुगमन समितिसँग समन्वय गरी नियमानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा प्रधानाध्यापकको म्याद समाप्त भई अर्को व्यवस्था नभएसम्म साविक प्र.अ.लाई कार्यवाहक प्र.अ.को काम गर्न वा सहायक प्रधान अध्यापकलाई निमित्त प्र.अ. वा सहायक प्र.अ. समेत नभएमा वरिष्ठ शिक्षकलाई निमित्त प्र.अ.को व्यवस्था सम्बिन्धत विद्यालय व्यवस्थापन समितिलाई जिम्मा दिने व्यवस्था गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ करङकाठमा रहेको निर्माणाधिन बसपार्कको भवनमा अर्को व्यवस्था नहुंदासम्म पृथ्वी राजमार्ग बिस्तारका क्रममा जिल्ला ट्राफिक प्रहरीले प्रयोग गर्दै आएको घर भत्किने हुंदा उक्त बसपार्कको भवनमा जिल्ला ट्राफिक प्रहरी कार्यालय सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा स्वीकृत स्वयंसेवक शिक्षक दरबन्दीबाट तलबभत्ता पाउने गरी हाललाई बालविकास शिक्षक नियुक्ति गर्न क्यामिन मा.वि. व्यास ७ कलेस्तीलाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/१०/१६ गते शहिद दिवसका दिन शहिद सम्मानका विविध कार्यक्रममा सहभागी हुने गरी व्यास नगरपालिका मातहतका अत्यावश्यक सेवा बाहेक अन्य सेवाका कार्यालयहरु, शैक्षिक संस्थामा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा संघीय सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्धारा मिति २०८०/०९/२७ गते प्रकाशित सूचना बमोजिम कार्यक्रम संचालन गर्न रु.३३,००,०००। (तेत्तीस लाख) बराबरको कार्यक्रम प्रस्ताव स्विकृतका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास १२ स्थित सिद्धेश्वरी माध्यमिक विद्यालयको मिति २०८०/१०/५ को पत्रानुसार विद्यालयलाई आवश्यक भवन निर्माणमा पहार ट्रष्ट नेपालले सहयोग गर्न लागेकोमा लागत रकम मध्ये २०% स्थानीय तहको प्रतिवद्धता आवश्यक भएकाले प्रतिवद्धताका लागि अनुरोध भई आएकाले नगर प्रमुखले गर्नुभएको प्रतिवद्धता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ पर्यटकीयस्थल मानुङकोटम अध्याधिक पर्यटक आई भएको फोहोर सरसफाईका लागि २०८० कार्तिक १ गतेदेखि काम गर्दै आएकी बसन्ती थापालाई दैनिक मासिक ज्यालादारीमा २०८१ असार मसान्तसम्मका लागि रू.१०,०००। (दश हजार) पारीश्रमिक दिने गरी दैनिक हाजिर प्रतिवेदन सम्बन्धित वडा मार्फत मासिक पेश गर्ने गरी भएको कार्यलाई सम्बन्धित शिर्षकबाट तलव भत्ता पाउने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ को कार्यालयमा कार्यरत कार्यालय सहायक विन्दु ढकालको मृत्यु भई रिक्त हुन आएको दरबन्दीमा नियमानुसार करार सेवामा नियुक्तिका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा वडा नं.१४ को कार्यालय सहायक विन्दु ढकालको मृत्यु भएको र सरसफाईमा लामो समयसम्म कार्यरत तहलसिं दरैलाई कार्यविधि अनुसार सुविधा उपलव्ध गराउनु हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका शहरीक्षेत्रको बजार व्यवस्थापन गर्दा सडक व्यवसायीहरुलाई पृथ्वी राजमार्ग र सफासडक क्षेत्र बाहेक अन्यत्र सम्बन्धित टोलसँग समन्वय गरी हाललाई व्यवसाय गर्न व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाले मालपोत कार्यालयमा हुने लेखापढी व्यवसायमा नगरवासीलाई सहजीकरण गर्न भाडामा लिने गरी जिल्लासभाबाट निर्णय भएकोमा हाल लेखापढी व्यवसायका लागि छुट्याइएको मालपोत लाइनको नवनिर्मित ट्रस भवनको कोठा नं. १ का सट्टा कृषिउपज संकलन एवं विक्री कक्ष व्यवस्थापन गर्न उक्त भवनमा रिक्त रहेको कोठा नं.१६ नगरपालिकालाई उपलव्ध गराउने अनुरोध गर्दै नियमानुसार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ कमलबारी बगालेटौवा वडा कार्यालय पहुँच मार्ग अन्तर्गत बाँसपानी खोल्सीमा कल्भर्ट, मधु रिजालको घर संरक्षणको लागि नाला र ह्युम पाइप साथै फन बहादुर थापाको घर संरक्षण र पानी निकासको लागि ग्याविन लगायतको काम गरी वडा पहुँच मार्ग तत्काल सञ्चालन गर्नुपर्ने भएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम १० प्रतिशत उपभोक्ताको लागत रहने गरी नगरपालिकाको तर्फबाट वडागत बजेट खर्च शिर्षक ७६३ (७१९ संघ समानीकरण) बाट रू.४,००,०००। र बजेट शीर्षक मर्मत संहार कोषबाट रू.३,००,०००। गरी जम्मा रू.७,००,०००। स्वीकृत गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०८० पौष मसान्तमा समाप्त भएकोले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी २०८१ आषाढ मसान्तसम्मको लागि साविक कै सेवा सुविधा र शर्त बमोजिम हुने गरी सम्पूर्ण सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सञ्चालन भईरहेको सामी कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको म्याद २०८० पौष मसान्तमा समाप्त भएकोले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी २०८१ आषाढ मसान्तसम्मको लागि साविक कै सेवा सुविधा र शर्त बमोजिम हुने गरी सेवा प्रदायक संस्थाको सम्झौताको म्याद थप हुने गरी पुनः सम्झौता गरी कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.३ को वडा कार्यालय भवनका लागि आ.व.२०८०/०८१ मा शिर्षक नं.८२६ मा रू.३५,००,०००। (पैंतिस लाख) विनियोजन भएको वडा नं.८ को भवन निर्माणका लागि रू.४०,००,०००। (चालिस लाख) जग्गा खरिद समेतमा विनियोजन भएकोमा उक्त वडा कार्यालय भवनहरु निर्माणका लागि २०८० माघ महिनाभित्रै टेण्डर प्रकृया अघि बढाउन र नपुग रकम आगामी आर्थिक बर्षको बजेटबाट विनियोजन गर्न सुनिश्चितता गरी बहुवर्षे टेण्डर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुलाई नेपाल बैंक लिमिटेडले उपलब्ध गराउने सेवाग्राही कर्जाको सुविधामा आवद्ध गराउन सम्बन्धित बैंकसँग आवश्यक प्रक्रिया पुरा गरी सम्झौता गर्न यस नगरपालिकाका आर्थिक प्रशासन प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै सेवाग्राही कर्जाको सुविधामा आवद्ध गराउन नेपाल बैंक लिमिटेडसँग प्रतिवद्धता समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा चालू आ.व.मा यस नगरपालिकाका सञ्चालन भईरहेका ६ वटा वडाहरु वडा नं.५, ६, ११, १२, १३ र १४ मध्ये सम्झौता गरी सम्पन्न भएको वडा नं.१३ मा थप आयोजनाको लागि बजेट रू.३,००,०००। तथा प्राविधिक इस्टिमेट सहित सूचिकृत कामदार नै प्रयोग गरी योजना कार्यन्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३६:** प्रस्ताव नं.३६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | जलेश्वर जेष्ठ नागरिक भाडा खरिद | १ | ६०,०००।- | ९३ |
| २. | मुसेखोला टोल स्थित सुन्दरीकुवा खानेपानी पाइप खरिद समेत | १ | ५,०००।- | ८३१ |
| ३. | सम्झना रसाइली, पत्रकारिता अध्ययन छात्रबृत्ति | १ | ४०,०००।- | ८३ |
| ४. | तनहुँ दरै समाज फुटवल खेल व्यवस्थापन | १ | १,००,०००।- | १३१ |
| ५. | अडमपानी टोल शिवालय मन्दिर देखी पूर्व जाने बाटो नाला निर्माण | १ | २,००,०००।- | ८७७ |
| ६. | सफा सडकमा रङ्गरोगन, जेब्राक्स समेत | ३ | ७,८४,०००।- | मर्मत संहार |
| ७. | भिमसेन परियार समाज भवन निर्माण | ३ | ३,००,०००।- | ८२२ |
| ८. | नेपाल मगरसंघ माघी पर्व व्यवस्थापन | ३ | ६०,०००।- | १३० |
| ९. | वेदव्यास सँस्कृत मा.वि., बालबालिका शैक्षिक व्यवस्थापन | ३ | १,५०,०००।- | ८५८ |

| | | | | |
|---|---|---|---|---|
| १०. | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद व्यवस्थापन थप | ३ | ७५,१८४।- | १३१ |
| ११. | नगरपालिका योजना तथा प्राविधिक शाखा कोठा व्यवस्थापन | ३ | ५,९३,२४५।- | ८२५ |
| १२. | सिद्धेश्वर मन्दिर प्राङ्गण व्याडमिण्टन टोल जाली खरिद | ४ | १३,५००।- | १३१ |
| १३. | गण्डकी वाङमय साहित्यिक कार्यक्रम व्यवस्थापन | ४ | २५,०००।- | १३० |
| १४. | पवित्रा मार्ग १३ फुटे बाटो बिस्तार मर्मत थप | ४ | ७४,०००।- | मर्मत संहार |
| १५. | मगर चलचित्र निर्माण सहयोग | ५ | २०,०००।- | १३० |
| १६. | बुद्धिमाया थापा, उपचार सहयोग | ५ | ३०,०००।- | ६३ |
| १७. | पराशर मा.वि. अधुरो भवन निर्माण सहयोग | ५ | २,५०,०००।- | ५५८ |
| १८. | नेपाल कुमाल समाज समिति, कार्यक्रम सहयोग | ५ | ३०,०००।- | १३० |
| १९. | चापखोल्सी भलिवल ग्राउण्ड निर्माण सहयोग | ५ | ४०,०००।- | ९७२ |
| २०. | नेपालटार टोल विकास समिति, सातपड्के पैदल मार्ग मर्मत | ५ | २,००,०००।- | विपद |
| २१. | बरचौर मुल चैनपुर रानीपानी खानेपानी योजना पाइप खरिद | ५ | २,००,०००।- | ८३१ |
| २२. | भजन संकृतन समूह टेलिभिजन भुक्तानी | ५ | ६८,०००।- | ८२२ |
| २३. | चित्रेखोल्सी मार्ग मर्मत | ५ | १,००,०००।- | मर्मत संहार |
| २४. | रानीटारी पण्डित कुवा बाटो नाला मर्मत | ५ | २,००,०००।- | मर्मत संहार |
| २५. | मजुवाखेत सिँचाई, बमबहादुर शाही | ६ | ८०,०००।- | ८२३ |
| २६. | मञ्जवकती इस्लामिक मस्जिद निर्माण | ६ | ३,००,०००।- | ८२२ |
| २७. | काजी परियार, मेशिन खरिद सहयोग | ८ | ३५,०००।- | १२४ |
| २८. | रोलखोला देखी जैसी डिहीसम्म खानेपानी पाइप थप खरिद | ८ | ७०,०००।- | ८३१ |
| २९. | चिप्लेटी खानेपानी अधुरो योजना | ८ | १,००,०००।- | ८३१ |
| ३०. | लम्सालगाउँ खानेपानी पाइप खरिद | ८ | ७०,०००।- | ८३१ |
| ३१. | समी फेद खानेपानी पाइप खरिद | ८ | ७०,०००।- | ८३१ |
| ३२. | आहाले खानेपानी अधुरो योजना | ८ | ७०,०००।- | ८३१ |
| ३३. | बाहुन पोखरा बराह देवी खानेपानी योजना मर्मत समेत | ८ | १,००,०००।- | ८३१ |
| ३४. | जलेश्वर टोल मन बहादुर नेपाली खानेपानी पाइप खरिद | ८ | १२,०००।- | ८३१ |
| ३५. | धारापानी खानेपानी लिफ्टिङ्ग योजना भुक्तानी | ९ | ३,००,०००।- | ८३१ |
| ३६. | दुम्सी दुग्ध उत्पादक संघ, काउ लिफ्टर खरिद | १० | १,००,०००।- | ११२ |
| ३७. | आशिष परियार, अध्ययन सहयोग | १० | १५,०००।- | ८३ |
| ३८. | शुष्मा परियार, सिलाई मेशिन समेत खरिद सहयोग | १० | ४०,०००।- | १२४ |
| ३९. | जनता आधारभुत विद्यालय, घेराबार व्यवस्थापन | १० | ३,००,०००।- | ८५८ |
| ४०. | दुम्सी नमुना ग्राम, सडक बत्ती व्यवस्थापन | १० | २,५०,०००।- | ८२४ |
| ४१. | रानीपानी बुँगुर फाराम, सन्तु थापा सिँचाई पाइप खरिद | १० | ७०,०००।- | ८२३ |
| ४२. | छाङ्गा बाराही खहरे टोल कंडेल कृषि तथा पशु फर्म, सिँचाई पाइप खरिद | १० | ३५,०००।- | ८२३ |
| ४३. | कुमलटारी बैरेनी खानेपानी योजना मोटर समेत खरिद | १० | ८५,०००।- | ८३१ |
| ४४. | मंगली गैह्रा पौडेलबन्धु कुलदेवता मन्दिर निर्माण सहयोग | १० | ५०,०००।- | ८२२ |
| ४५. | सुर्योदय प्राथमिक विद्यालय, घेराबार व्यवस्थापन | ११ | २,२५,०००।- | ५५८ |
| ४६. | दरै पँधेरा टोल विकास, सडक बत्ती व्यवस्थापन | ११ | १,५०,०००।- | ८२४ |
| ४७. | नौबिसे फाँट कुलो ६० मि.मि. ह्युम पाइप २ खरिद | ११ | ३४,०००।- | ८२३ |
| ४८. | पुरनडिही खानेपानी टंकी निर्माण समेत | ११ | ३,००,०००।- | ८३१ |

| | | | | |
|---|---|---|---|---|
| ४९. | निर्मला विश्वकर्मा एकल महिला सहयोग | ११ | १०,०००।- | १३५ |
| ५०. | चारसयफाँट बाँधकुलो मर्मत | ११ | ३,००,०००।- | १२३ |
| ५१. | रिसेड अपाङ्गता दिवस व्यवस्थापन | ११ | २५,०००।- | ९० |
| ५२. | दवाडी भैंसी फाराम, खानेपानी पाइप खरिद | १२ | १२,५००।- | ८३१ |
| ५३. | सरस्वती वि.क., भैंसी मरी विपद | १२ | २५,०००।- | विपद |
| ५४. | बेलथोक भँगेरी टोल, सोम बहादुर सार्की, खानेपानी पाइप खरिद | १२ | ११,५००।- | ८३१ |
| ५५. | बिसमुरे बाँध कुलो मर्मत | १२ | २,००,०००।- | ८२३ |
| ५६. | कालोमुडा सिधुरे खानेपानी योजना | १२ | २,००,०००।- | ८३१ |
| ५७. | चिन्नेपानी खानेपानी योजना पाइप खरिद | १३ | ३५,०००।- | ८३१ |
| ५८. | ठिन टोल नांगोतार हटाउने ABC तार खरिद | १४ | २५०,०००।- | ८२४ |
| ५९. | पुलजिप युवा क्लव फुटवल खेल व्यवस्थापन | | ३०,०००।- | १३१ |
| ६०. | रश्मी रानाभाट | | २५,०००।- | ८३ |

****